**Informal Sector Service Centre (INSEC)**
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल भूकम्प २०७२ अपडेट : ४८ औं दिन**
**मिति : ०७२ जेठ २८ गते**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
**मृतक : ८,७७८**
**घाइते : २२,३०३**

## राहत वितरणसम्बन्धी जानकारी दिन सरकारलाई निर्देशन

व्यवस्थापिका-संसद् अन्तर्गतको सार्वजनिक लेखा समितिले भूकम्प प्रभावितलाई सरकारले हालसम्म वितरण गरेको राहतसम्बन्धी सम्पूर्ण विवरण दुई दिनभित्र जानकारी दिन सरकारलाई निर्देशन दिएको छ । समितिको जेठ २८ गते बसेको बैठकले राहत तथा पुनःनिर्माणमा भएका प्रगति तथा आवश्यक व्यवस्थापनका सम्बन्धमा सत्यतथ्य जानकारी गराउन र आवश्यक व्यवस्थापनका सम्बन्धमा भएका सबै विधि र प्रक्रिया जनताले थाहा पाउने गरी सार्वजनिक गर्न समितिले निर्देश गरेको छ । राहत वितरण र पुनःस्थापनाका सम्बन्धमा मुलुकका विभिन्न तह र तप्काबाट उठेका अनियमितताका विषयमा समेत प्रष्ट पार्न समितिले भनेको छ । समितिले विपद् व्यवस्थापनका सम्बन्धमा देखिएका नीतिगत तथा कानुनी समस्याका सम्बन्धमा सभाध्यक्ष सुवास नेम्वाङ नेतृत्वको उच्चस्तरीय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समिति मार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको छ ।

## उल्लेख्य

- मानवीय जवाफदेहिता अनुगमन अभियान (हामी) ले जेठ २८ गते काठमाडौंमा एक प्रतिवेदन सार्वजानिक गर्दै भूकम्प प्रभावित जिल्लाहरूमा अझै पनि प्रभावकारी रूपमा उद्धार र राहतको काम नभएको जनाएको छ । खासगरी उत्तरी नाका खोल्ने प्रयास नभएका कारण उद्धार र राहत वितरणमा समस्या आएको हामीको ठहर छ । उसले गोरखाका सात गाविसमा कुनै पनि यातायातका साधन जान नसक्ने अवस्था र दोलखाको सिंगटी लगायत क्षेत्रमा उद्धार बाँकी रहेको जनाएको हो ।

- भूकम्पका कारण घाइते भएका सिन्धुपाल्चोक जिल्लाका १ हजार ५ सय ६९ जना व्यक्तिहरू अझै विभिन्न अस्पतालहरूमा उपचारका क्रममा रहेका छन् । जिल्ला दैवी प्रकोप उद्धार समितिको तथ्याङ्कअनुसार वैशाख १२ गतेको भूकम्पमा १ हजार ४ सय १ जना र २९ गतेको भूकम्पबाट १ सय ५९ जना घाइतेलाई उपचारको लागि विभिन्न अस्पतालहरूमा लगिएको थियो । भूकम्पमा घाइते यी सबै हालसम्म उपचारको क्रममा रहेको सहायक प्रमुख जिल्ला अधिकारी भरतप्रसाद आर्चायले बताए ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- भूकम्पको कारण नुवाकोटको त्रिशूली जिल्ला अस्पतालको भवन वैशाख १२ गतेको भूकम्पले भत्काएपछि टेन्टबाट सेवा सञ्चालन गरिएको छ । जिल्लाको एकमात्र सरकारी अस्पतालको भवन भूकम्पले भत्काउनासाथ जिल्ला स्वास्थ्य कार्यालयको पार्किङ र चौरमा पाल टाँगेर भूकम्पका घाइतेलाई सेवा दिएको अस्पतालले गत सातादेखि अस्पताल पछाडि नेपाल विद्युत प्राधिकरणको खाली जग्गामा टेन्टबाट सेवा दिन थालेको हो ।

- विनाशकारी भूकम्पले रामेछाप जिल्लामा ढुङ्गा माटोले बनेका ९८ प्रतिशत घर बस्न नहुने गरी क्षतिग्रस्त छन् । बाहिरबाट हेर्दा सद्धे देखिने घर पनि बस्न सकिने अवस्थामा छैनन् । ती घरहरू कुनै पनि बेला ढल्ने अवस्थामा भएकाले कुनै पनि बेला घर भत्कने डरले उनीहरू घरभित्र बस्न सकेका छैनन् । प्रभावित क्षेत्रमा घर निरीक्षण गर्न गएका प्राविधिकले भने चर्किएका ढुङ्गा माटोका घरलाई समेत आंशिक क्षति भएको प्रतिवेदन दिएपछि राज्यबाट पाउने सेवाबाट समेत उनीहरू बञ्चित भएका छन् । सरकारले घर पूर्णरूपमा क्षति भएकाहरूका लागि मात्र आवासको लागि तत्काल १५ हजार रुपियाँ उपलब्ध गराउने निर्णय गरेको छ । सरकारको यो परिभाषाअनुसार प्राविधिकहरूले आंशिक क्षति भनि सिफारिश गरेका परिवारले सो सुविधा पाउने छैनन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline